गोरखा नगरपालिकाको नगर सभामा

नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

गोरखा नगरपालिका

डुम्रीडाँडा, गोरखा

विक्रम संवत् २०८० साल असार १० गते

# गोरखा नगरपालिका, गोरखाको बाह्रौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

नगरसभा सदस्यज्यूहरु,

हामी चुस्त प्रशासन, मितव्ययी खर्च प्रणाली, सिघ्र जनसेवा, ठोस र गुणत्मक विकास, स्वस्थ र दक्ष मानवस्रोत, आर्थिक सम्पन्न र सभ्य समाज निर्माण गर्ने अभियानमा छौं ।

नेपाली जनताको निकै लामो समय सम्मको त्याग, तपस्या, संघर्ष, तथा वलीदानवाट देशले संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्त गरी धर्मनीरपेक्षता, समानुपातिक समावेशीता र सामाजिक न्याय सहितको राजनीतिक व्यवस्था स्थापित भएकोछ । नेपाल र नेपाली जनतालाई सार्वभौम र अधिकार सम्पन्न वनाउनको निम्ति विभिन्न समयमा ऐतिहासिक संघर्षहरु, जनक्रान्ती, जनसंघर्ष, जनयुद्ध ,जनआन्दोलनहरुमा वलिदान गर्नु हुने महान सहिदहरु प्रति सर्वप्रथम भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । वेपत्ता योद्धाहरु प्रति गहिरो स्मरण गर्दै, घाइतेहरुको सिघ्र स्वास्थ्यलाभको कामना सहित द्वन्द पिडित नागरिकहरु प्रति हार्दिक सम्मान गर्न चाहन्छु ।

नेपालको सार्वभौमिकता र अखण्डतालाई कायम राख्दै नेपाली समाज परिवर्तन, निर्माण र रुपान्तरण गर्ने अग्रजहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

नीति तथा कार्यक्रम निर्माणमा सल्लाह सुझावप्रदान गर्नु हुने विभिन्न राजनीतिक दलका नेताहरु, समाजसेवी, वुद्धीजीवी, उद्योगी व्यापारी, व्यवसायी, निर्वाचित नगरसभाका सम्पूर्ण प्रतिनीधी, कर्मचारी सवैमा यस नीति तथा कार्यक्रम सफल गराउन सहयोग पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिएकोछु । यहाँहरुको सल्लाह, सुझाव, सहयोग, हौसला र समन्वयात्मक भूमिकाले मात्र संवृद्ध र सुन्दर गोरखा नगरपालिका निर्माण हुन सक्ने कुरामा हामी दृढ विश्वास गर्दछौ ।

सामाजिक, सांस्कृतिक, ऐतिहासिक धार्मिक एवं जातिय तथा भौगोलिक विविधताले भरिपूर्ण यस गोरखा नगरपालिकाको सम्पूर्ण उत्पिडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको हकहित र अधिकारको रक्षा र विकासको नीति कार्यान्वयन गर्ने कुरा कम चुनौति पूर्ण छैन । नगरपालिकाको भौगोलिक अवस्थिति, विकासको न्यूनतम् पूर्वाधार निर्माण, नागरिकहरुको वढ्दो अपेक्षालाई पूरा गर्दै जानको लागि उपलव्ध श्रोत साधनलाई कुशलता पूर्वक परिचालन गर्ने विषय चुनौति पूर्ण रहदा रहदै पनि सम्पूर्ण व्यापारी वुद्धीजीवी, व्यवसायी, किसान विज्ञ प्राविधिक, पत्रकार लगायत सवै पक्षको सहयोग, सद्भाव, सुझाव सल्लाहवाट विकास र संवृद्धीको उत्कृष्ट चाहनालाई क्रमवद्ध र चरणवद्ध रुपमा पुरा गर्दै जान सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

गोरखा नगरपालिकाको समग्र विकास र संवृद्धी हासिल गर्न समान अवसर, नागरिक अधिकार र सुरक्षाको अनुभूति गराउदै स्वास्थ्य र सुखि नागरिक स्वच्छ र सुन्दर नगरपालिका निमार्णको अभियानलाई अनुभूत र देखिने गरी सार्थक बनाउन हामि निरन्तर प्रयत्न गर्नेछौ । गोरखा नगरपालिका ऐतिहासिक, धार्मिक सामाजिक, सांस्कृतिक दृष्टिकोणले गुरु गोरखानाथ गुफा, कालिका मन्दिर, ऐतिहासिक गोरखा दरवार, पृथ्वीनारायण शाहवाट गोरखा राज्य विस्तार अभियानको थालनी भएको ऐतिहासिक थलो, राजा रामशाह द्वारा “न्याय हराए गोरखा जानु भन्ने” स्थापित मान्यताको थलो, भिमसेन थापा, वुद्धीवल राना, विसेनगार्ची, मनिराम गाइने, जियाउल हक, वाघे सार्की जस्ता महत्वपूर्ण र ऐतिहासिक व्यक्तित्वहरुको कर्मभूमि,

तल्लोकोट, उपल्लोकोट, माझकोट, वुढीकोटी, अकला बिन्दावासीनी, पश्चिमकाली, रानीवन लगायतका धार्मिक सांस्कृतिक केन्द्रहरुले साथै बहादुर बिर गोरखालीहरुको नामले परिचित, गोरखा दरौदी, मर्स्याङदी नदी, टार वेशी र मध्यपहाडी श्रृङखला देखि मनासलु हिमश्रृङखला सम्मको दृश्यावलोकन गर्न सकिने सुन्दर प्राकृतिक छटाले भरिपूर्ण गोरखा, "सुन्दर संवृद्ध गोरखा नगरपालिका विकासको द्वार, कृषि, पर्यटन र घरेलु उद्योग यसको मूलआधार" को नारालाई आधार मानी दीर्घकालिन गुरुयोजना तय गरी गोरखा नगरपालिका विकासको समग्र योजना तथा कार्यक्रमहरु सन्तुलित रुपमा सिमित श्रोत र साधनलाई अधिकतम रुपमा परिचालन गर्दै अघि वढ्नु पर्ने चुनौती हाम्रो सामु छ ।

हाम्रो सामु यस भन्दा अघि भएका विकास र पूर्वाधारहरुको स्वामित्व ग्रहण गर्दै, पुरा हुन नसकेका योजनाहरु पुरा गर्दै जाने, चालु आर्थिक वर्षमा भैरहेको विभिन्न योजनाहरु पुरा गर्ने नियमित र क्रमिक रुपमा अघि वढेका कार्यहरुलाई निरन्तरता दिदै जाने जिम्मेवारी छदैछ । त्यसका साथै थप भौतिक पूर्वाधारको निर्माण, शैक्षिक, सामाजिक, सांस्कृतिक समस्याहरु समाधान गर्ने मुख्य चुनौती रहेको छ ।

**"स्वस्थ नगरवासी स्वच्छ नगरपालिका"**को अवधारणालाई पुरा गर्नको लागि स्थानीय सरकारको रुपमा जनताद्धारा प्रत्यक्ष निर्वाचित हामी जनप्रतिनिधीहरुको महत्वपूर्ण भूमिका रहन्छ । हाम्रो एक मात्र स्वार्थ सुन्दर संवृद्ध गोरखा नगरपालिका निर्माण हो । यस अवस्थामा हामीले रोजगारी र आयआर्जनका अवसर वृद्धि गर्न पर्यटन प्रवर्द्धनमा जोड, कृषिमा व्यवसायीकरणमा जोड, पशुजन्य व्यवसायको संरक्षण र विकास, सहकारी प्रवर्द्धन, घरेलु उद्योग र अन्य उत्पादन क्षेत्रमा लगानी अभिवृद्धी गरि विकास प्रक्रियामा सवै वर्ग, क्षेत्रका समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तन र परिणाममुखी विकास सम्भव हुने देखिन्छ । त्यस कारण समस्त उद्योगी, व्यवसायी, शिक्षक, वुद्धीजीवी, राजनैतिकदलका नेता कार्यकर्ता, नागरिक समाज, पत्रकार कर्मचारी सरकारी तथा गैह्र सरकारी निकायहरु, स्थानीय समुदाय, संघ संस्था, महिला समूह, टोल विकास संस्था, यूवा, विद्यार्थी, विभिन्न गुठी, समूह एवं सम्पूर्ण नगरवासीहरुमा सहयोग, सद्भाव, सुझाव, सल्लाह र आत्मियता प्रदान गरि दिनु हुन हार्दिक अपिल गर्दछु ।

सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न सार्वजनिक नीजि र सहकारी संग हातेमालो गर्दै अघी वढ्ने नीति लिइनेछ । निर्यात मुखी तथा रोजगारी प्रवर्द्धन हुने खालको योजनामा केन्द्रीतभई सवै प्रकारको उपलब्ध श्रोत साधनको दिगो व्यवस्थापनवाट उत्पादन र उत्पादकत्वमा वृद्धी गरी सवै क्षेत्रका न्यूनता र अभावलाई क्रमश घटाउदै लगिनेछ ।

समस्त नगरवासीको जीवन स्तरमा सुधार ल्याउने आर्थिक, सामाजिक, भौतिक, वातावरणीय एवं मनोवैज्ञानिक विकास र संरक्षण गर्दै दिगो विकास लक्ष्य प्राप्तिको लागि तिब्र विकासमा उन्मुख आधारशिलालाई मध्येनजर गरि यो नीति तथा कार्यक्रम तय गरिएको छ ।

नगरपालिका भित्रका उत्पिडित वर्ग, जनजाति, क्षेत्र, लिङ्ग र समुदायको समग्र हकहित र अधिकारको रक्षा तथा कार्यान्वयन गर्दै आत्मनिर्भर सुखि नगरवासी सवृद्ध नागरिक एवं समुन्नत गोरखालाई स्थापित गर्नु हामी सवैको साझा दायित्व हुनेछ । असिमित आवश्यकतालाई सिमित श्रोत र साधनले विशिष्ठ उपयोग गर्ने तर्फ विशेष ध्यान दिइएको छ । प्राकृतिक सुन्दरता, सांस्कृतिक र ऐतिहासिक सभ्यता वोकेको गोरखा नगरपालिका हाम्रा साझा सम्पत्ति हुन् । यी सवै विषयलाई आत्मासाथ गरि सामाजिक एवं सांस्कृतिक समानता र सहिष्णुतामा एकतावद्ध हुदै सभ्य र सुसस्कृत समाज निर्माण गर्ने गोरखा नगरपालिकाले नीति

लिएको छ । यो नीति तथा कार्यक्रम योजना तर्जुमाको क्रममा राजनीतिक दल, शिक्षक, वुद्धीजीवी, समाजसेवी, कर्मचारी, नगरसभा सदस्यहरु, उद्योगी, व्यापारी लगायत सम्पूर्ण तह र तप्कावाट प्राप्त हुन आएको सल्लाह सुझाव तथा वडागत रुपमा छलफलवाट प्राप्त भएका सुझावका आधारमा तयार पारिएको यो नीति तथा कार्यक्रमले अपेक्षा गरेको लक्षित उद्देश्य हाँसिल गर्न सवै पक्ष र तहवाट प्रयाप्त सहयोग पुग्ने विश्वास लिएको छु ।

## आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमाका आधार तथा मार्गदर्शनहरु :

१. नेपालको संविधान

२. नेपालको पन्ध्रौ योजना

३. दिगो विकासका लक्ष्यहरु

४. स्थानीय सरकार सञ्चालन ऐन,२०७४

५. नेपालको दिर्घकालिन सोच, वि.स. २१०० (सन् २०४३)

६. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

७. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

८. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली, २०७६

९. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७४

१०. नेपाल सरकार, गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम

११. गोरखा नगरपालिकाका कानूनहरु

१२. राजश्व परामर्श समितिका प्रतिवेदनहरु

१३. श्रोत तथा सीमानिर्धारण समिति तथा विषयगत समितिका मार्ग दर्शनहरु

१४. गैह्र सरकारी संस्था/सरकारी कार्यालय, नागरीक समाज, राजनैतिक दल, विज्ञ व्यक्तित्वहरु लगायतका सुझावहरु

१५. गोरखा नगरपालिकाको गत आर्थिक वर्षको वजेट कार्यान्वयनको अवस्था

# आ.व. २०८०/०८१ को क्षेत्रगत नीति कार्यक्रमहरू

## १. आर्थिक विकास नीति

### क) कृषि तथा पशुपन्छी विकास नीति

१. "व्यवसायिक कृषिमा जोड गरौ रोजगारी सिर्जना गरौ, आत्मानिर्भर गोरखा नगरको विकास गरौ" भन्ने नारालाई सार्थक तुल्याउन व्यावसायिक कृषिलाई प्रोत्साहन गरिनेछ ।
२. "एक वडा एक विशेष उत्पादन एक टोल एक विशेष पहिचान"को नीतिलाई अझ व्यवहारिक र परिणाममुखी वनाइ एक गाउँ एक उत्पादनको नीति लिइनेछ ।
३. राष्ट्रिय वाणिज्य बैकसंग भएको सम्झौता अनुरुप व्यावसायिक किसानलाई दिइने व्याज अनुदान (शुलभ व्याज) कार्यक्रमलाई व्यवहारिक रुपमै थप कार्यान्वयन गर्ने प्रयास गरिनेछ ।
४. उत्पादनमा आधारित अनुदान कार्यक्रम लागु गरि निर्वाहमुखी किसानलाई व्यवसायिक किसानमा रुपान्तरण गर्ने नीति लिइनेछ ।
५. तरकारी तथा फलफूल उत्पादनलाई संकलन केन्द्र तथा बजारसम्म पुऱ्याउनको लागि कृषि एम्वुलेन्सको व्यवस्था गरिनेछ । नगर स्तरीय कृषि हाटवजार, संकलन केन्द्रहरु तथा चिस्यान केन्द्र स्थापना गरिनेछ ।
६. स्थानीय कृषि उपजहरुको लेवलिङ र प्याकेजिङ गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
७. खेति योग्य जमिनलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । खेती योग्य वाझो जमिनको भूमि वैक निर्माण गरि साधारण खेती तथा व्यवसायिक खेती गर्न चाहने किसानलाई जग्गा रोपनीको आधारमा भाडा अनुदानको व्यवस्था गरिनेछ ।
८. नीजि क्षेत्र तथा सहकारी संस्थाहरुसंग सहकार्य गरी प्राङ्गगरीक मल/भुमीमल उद्योग स्थापना गर्ने र किसानलाई भूमि मलप्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
९. कृषि तथा पशुपन्छी क्षती राहत कोष स्थापना गरिनेछ । साथै कृषि तथा पशु विमा कार्यक्रमलाई महत्वका साथ लागू गरिनेछ ।
१०. सुत्केरी गाई भैसीका लागि भिटामिनको व्यवस्था गरिनेछ ।
११. दरौंदी नदी तथा यसका शाखा नदीहरुमा मत्स्यपकेट व्लक कार्यक्रमको लागि पोखरी निर्माण तथा अन्य सहयोग कार्यक्रम लागु गरिनेछ ।
१२. गोरखा नगरपालिका तथा गोरखा जिल्ला भित्रका उत्पादनवाट आत्मनिर्भर भएको कृषि उपजलाई नगर क्षेत्र भित्र आयातलाई निरुत्साहित गरिनेछ ।
१३. कृषियोग्य जमिनमा विद्युतको पहुँच पुऱ्याई सिंचाई सुविधा पुऱ्याउन वोरिङ पम्पिङ वा अन्य सिंचाइको योजनाहरु सञ्चालन गरिनेछ ।
१४. कृषिमा आधारित उद्योगहरु तथा ग्रामिण कृषि पर्यटन विकासमा यूवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गर्ने कार्यक्रमहरु वनाइनेछ ।
१५. वाँदर नियन्त्रणको लागि योजना वनाइने तथा वाँदरको वढी प्रभाव भएका सम्भावित क्षेत्रहरुमा काजु र कफीको खेती गर्ने कार्यक्रम ल्याइनेछ ।
१६. कृषि तथा फलफूल नर्सरी र टनेल खेतीलाई प्रथमिकता साथ अघि वढाइनेछ । कृषकहरुका लागि क्षमता अभिवृद्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१७. दरौदीनदी, खारखोला, लुदीखोला लगायतका फाँटहरुमा हिउदमा पानीको मात्रा कमभई हिउदे सिंचाइमा पर्ने समस्या समाधान गर्ने कार्यक्रम वनाइनेछ ।

१८.स्थानीय जातको पशुहरुको नश्ल सुधार कृतिम गर्भाधान, उन्नतपशु व्याड अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९.दरौंदी नदीमा करेण्ट लगाउने, रातीमात्र जालहान्ने कार्यले गर्दा माछा लगायत जलचर नस्ट हुनुको कारण नगरवासीको धेरै व्यक्तिहरुको माछा मार्ने व्यवसाय प्रभावित हुँदा उक्त प्रकारको गतिविधी रोक्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२०.कृषिफर्महरु सञ्चालन भएका क्षेत्रमा आवश्यक विद्युतिकरणका लागि विशेष पहल र व्यवस्था गरिनेछ ।

२१.खेतीयोग्य जमिनलाई बाँझो राख्ने व्यक्तिलाई भूमिकर दोव्वर लगाइनेछ ।

२२.रैथाने वालीको संरक्षण गर्दै उन्नत जातको वालीहरुको व्यवसायीकरणमा जोड दिइनेछ ।

२३."व्यवसायिक पशुपालनमा जोड दिऔं आत्मानिर्भर व्यवसायी वनौ" भन्ने नाराका साथ पशुजन्य उत्पादनमा जोड दिइनेछ । पशुपालन व्यवसायलाई रोजगारीको मूख्य आधारको रुपमा नमुना परियोजनाहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

२४. पशुपन्छीमा लाग्ने रोगहरुको रोकथाम नियन्त्रण गर्न पशुपन्छीलाई खोप तथा औषधी उपचारको व्यवस्था मिलाइनुका साथै पशु स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

२५.पशुपन्छीजन्य उत्पादन गर्ने कृषकलाई प्राविधिक सहयोग र गोठ तथा खोर सुधारको कार्यक्रहरुलाई निरन्तरता दिइनेछ ।

२६.किसानका उत्पादन लागतमा कमी ल्याउन सामुदायिक, सार्वजनिक र नीजी जग्गामा घाँस विकासमा जोड दिइनेछ । जसको लागि विभिन्न घाँसका विउ तथा विरुवा उपलब्ध गराइनेछ ।

२७.व्यवसायिक किसानहरुलाई कृषि तालिम तथा यान्त्रिकरण अनुदानको व्यवस्था गरिनेछ ।

२८.सहकारी संस्थाहरुसंग सहकार्य गरि कृषिउत्पादनलाई प्रशोधन गर्न र वजारसम्म पहुँच पुऱ्याउन कार्यक्रहरु गरिनेछ ।

२९.भौगोलिक क्षेत्रहरुको पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०.पशु वधशाला तथा स्लटर हाउस निर्माणको लागि पशुसेवा विभागसंग पहल गरि निर्माण गरिनेछ ।

३१.कृषि तथा पशुपन्छी विकास र प्रवर्द्धनको लागि मल वीउ तथा प्रविधिमा विशेष अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै विउ उत्पादन कार्यक्रममा अनुदान दिइनेछ ।

३२.दुग्ध सहकारी स्थापना, डेरी उद्योग तथा चिलिङ भ्याट स्थापना गरिनेछ ।

३३.एक वडा पाँच वटा नमुना उत्पादन गर्ने नीति लिइनेछ ।

## ख) सहकारी विकास नीति

१. नगरपालिका भित्रका सहकारी संस्थाहरुलाई एउटा महत्वपूर्ण आर्थिक विकासको खम्वाको रुपमा स्थापित गराउने नीति अवलम्वन गरिनेछ ।

२. नगरपालिका भित्रका सहकारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुका साथै सहकारी विकासको कार्यक्रम आयोजना गरिनेछ ।

३. सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी वनाई सहकारी क्षेत्रमा सुशासान कायम गरिनेछ ।

४. वचत तथा ऋण सहकारी उपभोक्ता सहकारी तथा उत्पादन सहकारीहरु स्थापना गरि एक आपसमा सहयोगको नीति अवलम्वन गरिनेछ ।

५. गोरखा नगरपालिकामा रहेका सवै सहकारीहरु समेटेर सहकारी दिवस तथा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. सहकारीको पूँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने कार्यक्रम वनाइनेछ ।
७. कोपोमिस प्रणालि मार्फत संहकारी संस्थाको आय व्याय विवरण व्यवस्थित गर्ने नीति लिइने छ ।

## ग) व्यापार सम्बन्धी नीति

१. बजार अनुगमन गरि मुल्य वृद्दि, कालोबजारी कार्यलाई नियन्त्रीत गरिनेछ ।
२. साना व्यवसायिहरुलाई प्रोत्साहन र संरक्षण गर्ने नीति लिइनेछ ।
३. स्थानिय उत्पादनहरुलाई प्रोत्साहन गर्दै एकिकृत बजार व्यवस्थित गरिनेछ ।
४. नगरपालिका क्षेत्रमा एक कोसेलिघर निर्माण गरिनेछ ।

## घ) राजश्व सम्वन्धी नीति

१. कर प्रणालीलाई सरल एवं उद्देश्य मूलक वनाउन विस्तृत योजना निर्माण गरि लागू गरिनेछ ।
२. नगरपालिकाको कर प्रणालीलाई प्रभावकारी वनाउन करको दायरालाई विस्तार गर्दै व्यवसायिक करमा आवद्ध नभएका सवै व्यवसायिहरलाई करको दायरामा ल्याउने, करका दरहरु समयानुकूल संसोधन गर्ने एकिकृत सम्पत्ति कर असूलीमा कडाई गर्ने, घर वहाल करलाई प्रभावकारी तुल्याउने, स्वघोषणाको नीति अवलम्वन गर्दै आन्तरिक आय वृद्धि गर्ने नीति कडाइका साथ लागू गरिनेछ ।
३. राजश्व संकलनलाई वढाउन वडागत राजश्व सम्बन्धी घुम्ती सेवा केन्द्र सञ्चालन गरिनेछ ।
४. नगपालिकाको राजश्व शाखालाई सुदृढ र सक्षम वनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. भूमिकर, सम्पत्तिकर, व्यवसायकर, घरवहालकर लगायत अन्यकर नवुझाउने, कर छली गर्ने व्यक्तिलाई अनिवार्य तिर्न लगाउने नतिरेमा नगरपालिकाले प्रदान गर्ने सेवा सुविधा रोक्ने गर्ने नीति लिइनेछ ।
६. व्यवसाय करको दायरा विस्तार गर्न सवै प्रकारको व्यवसायलाई करको दायरामा ल्यउन दर्ता नभइ सञ्चालनमा रहेका सवै व्यवसायको अभिलेखिकरण गरिनेछ ।
७. ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर, बहत्तर) लाई उत्खनन्, संकलन र विक्रि वितरणलाई व्यवस्थित गरिने छ ।

# २. सामाजिक विकास नीति

## क) शिक्षा नीति

१. “हामी सवैको प्रण, सामुदायिक विद्यालयको रुपान्तरण”
२. माध्यामिक विद्यालयहरुमा अलग्गै प्रधानाध्यापकको व्यवस्था गर्ने र सवै प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवं नेतृत्व क्षमता वढाउन विभिन्न कार्यक्रम गरिनेछ ।
३. शिक्षकको कार्य सम्पादन विद्यार्थीले प्राप्त गरेको नतिजा प्रतिशत समेतको आधारमा उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गरिनेछ । गणित, विज्ञान, अंग्रेजी जस्ता विषयमा

कम्तीमा २० जना विद्यार्थी भएको विद्यालयमा कम्तीमा ८०% र बिद्यार्थी उत्तिर्ण गराउने सामुदायिक विद्यालयका शिक्षकहरुलाई १/१ वटा ल्यापटप उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।

४. शैक्षिक गुणस्तर र सुधार कक्षा १ वाट गरौ जगमानै बलियो वनाऔ भन्ने नाराका साथ तल्ले तहको पठन पाठनको विशेष योजना वनाएर विशेष ध्यान दिने विद्यालयलाई प्रोत्साहन गरीनेछ ।

५. एक विद्यालय एक वगैचा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. विद्यालयमा जङ्कफुड(पत्रु खाना) निरुत्साहित, विक्रीवितरण निरुत्साहित गर्दै विद्यालयको दिवाखाजा स्थानीय उत्पादनमा जोड गरिने तथा स्थानीय टोल समुह वा विद्यार्थीको अभिभावकहरुवाटै व्यवस्थापन गरिने नीति लिइनेछ ।

७. शिक्षक कर्मचारी जनप्रतिनिधी, सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको बालबच्चाहरुलाई सामुदायिक विद्यालयहरुमा पढाउनु पर्ने नीति लिइनेछ ।

८. विद्यार्थी सङख्याको आधारमा समय सापेक्ष रुपमा विद्यालय गाभ्ने एवं शिक्षक दरवन्दी मिलान गर्दै लगिनेछ ।

९. नगरपालकालाई शैक्षिक हवको रुपमा विकास गर्न १० वर्षे शैक्षिक सुधार गुरुयोजना निर्माण गरिनेछ ।

१०. उच्चशिक्षा अध्ययन तथा अनुसन्धानका लागि विद्यार्थी साहायता कार्यक्रम दिइनेछ ।

११. स्थानीय पाठ्क्रमलाई उत्पादन संग,(मातृभाषा) जोड्ने नीति लिइनेछ ।

१२. दलित जनजाति एवं विपन्न जेहेन्दार बिद्यार्थीहरुका लागि उच्चशिक्षा छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ ।

१३. SEE रिजल्टको गुणात्मक र परिमाणत्मक आधारमा न.पा. भित्रका प्रथम, दोस्रो र तेस्रो हुने विद्यालयलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

१४. बौद्धिक शैक्षिक व्यक्तित्वहरुलाई पलाएन हुनवाट जोगाउन शैक्षिक अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धनात्मक कार्यलाई स्थापित गरिनेछ ।

१५. विद्यालयका शिक्षकले प्रधानाध्यापकसंग प्रधानाध्यापकले नगरपालिकासंग सिकाई उपलब्धीसंग केन्द्रित कार्यसम्पादन करार गरिनेछ । उत्कृष्ट सिकाई उपलब्धी भएका शिक्षक तथा विद्यालयलाई विशेष अनुदान तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१६. विद्यालयको सिकाई उपलब्धी उच्च वनाउन नव प्रवर्द्धनात्मक कार्य गर्न प्रस्ताव ल्याउने विद्यालयलाई प्रस्तावना तथा कार्यान्वयनका अवस्था मूल्याङ्कन गरि कार्यक्रम दिने व्यवस्था मिलाइनेछ ।

१७. दलित, सिमान्तकृत, अनाथ, असहाय, शहिद परिवार, द्धन्दपिडित तथा आर्थिक रुपमा अतिविपन्न परिवारका उत्कृष्ट विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्नका लागि छात्रवृत्तिको व्यवस्थ गरिनेछ ।

१८. नगरपालिका क्षेत्रका सम्बन्धमा सोध अनुसन्धान गर्न अनुदान उपलव्ध गराउने नीति लिइनेछ ।

१९. प्राथमिक तहका बालबालिकाको आधारभूत साक्षरता सीप अभिवृद्धीका लागि रुम टु रिडसंगको साभ्केदारीमा विस्तार गरिनेछ । साथै विद्यालयको शैक्षिक प्रगती र भौतिक निर्माणमा सरोकारवाला संघ संस्थाहरुसंग सहकार्य गर्ने नीति लिइनेछ ।

२०. विद्यालयहरुको शैक्षिक स्तर वृद्धीका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय व्यवस्थापन आदीलाई निरन्तरता दिदै यसको प्रयोग वढाउन प्रोत्साहन गर्ने नीति लिइनेछ ।
२१. विद्यालय शिक्षालाई खेलकुदसंग आवद्ध गरि विद्यालय तथा विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा लाग्न अभिप्रेरित गरिनेछ । गोरखा नगरपालिका स्तरिय रनिङसिल प्रतियोगिता सञ्चालन गरिने साथै खेलसंग सम्बन्धित आर्थिक प्राविधिक सहयोगलाई निरन्तरता दिइनेछ ।
२२. आधारभूत तहको परिक्षालाई स्वच्छ र मर्यादित वनाइनेछ ।
२३. गोरखा नगरपालिका भित्र रहेका निजी तथा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थिहरुलाई एकै प्रकारको पोसाक लगाउने नीति लिइनेछ ।
२४. निजी तथा सामुदायिक विद्यालयमा टाइ प्रयोग नगर्ने नीति लिइनेछ ।
२५. सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा तथा नीजि विद्यालयमा सर्वसुलभ शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।
२६. निजी विद्यालयले नेपाल सरकारको घोषणा बमोजिम दश प्रतिशत विद्यार्थिलाई छात्रवृति प्रदान गर्ने नीति कार्यान्वयन गरिनेछ ।
२७. मदरसा शिक्षालयमा सरकारी पाठ्यपुस्तक समेत पढ्ने व्यवस्था मिलाइने छ साथै आवश्यक पुर्वाधार निर्माण गरिनेछ ।
२८. विद्यालयहरुलाई बस सहयोग गर्ने निति लिइनेछ ।

## ख) स्वास्थ्य नीति

१. नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको बस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्‍याउनु राज्यको दायित्व हो । संविधान बमोजिम राज्यका संघ प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यहरुको एकल तथा साझा अधिकार सूची अनुसार आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहको दायित्व रहेको हुदा गोरखा नगरपालिका स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४४ (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमको अधिनमा रहि आधारभुत स्वास्थ्य सेवा सञ्चालन कार्यविधि २०७९ अनुसार रहि नगरबासीहरुको स्वास्थ्य रहन पाउने हकलाई स्थापित गर्दै स्वास्थ्य रहन पूर्ण रुपमा शारिरिक, मानसिक, सामाजिक तथा सम्वेगात्मक रुपमा स्वस्थ रहने व्यवस्था मिलाइनेछ जसले गर्दा स्वस्थ व्यक्ति स्वस्थ नगरपालिका निर्माण हुनेछ ।
२. आधारभुत स्वास्थ्य सेवा स्थानीय तहका अधिकार क्षेत्रमा रहेको हुँदा त्यसलाई प्रभावकारी वनाउन नगर भित्रका स्वास्थ्य संस्थाहरुबाट तोके बमोजिमको औषधी लगायतका सेवाहरु गुणस्तरीय बनाउदै गोरखा अस्पतालको सहकार्यमा STANDARD TREATMENT PROTOCOL (STP) FOR BASIC HEALTH SERVICES (BHS) PACKAGE 2078 तोकिएको औषधी १८ प्रकारका ल्याव सुविधा १० प्रकारका थप सेवा सहित OPD र इमर्जेन्सी टिकट सुविधा, साधारण वेड सुविधा लगायतको सुविधाको सुरुवात गरिएकोछ भने त्यसलाई निरन्नतरता र थप व्यवस्थित गर्दे लगिनेछ ।

३. गर्भवती महिला सुत्केरी हुन गोरखा अस्पताल सम्म आउदा र गोरखा अस्पतालबाट अन्य अस्पतालमा रेफर भई जान पर्दा निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराईनेछ । अपाङ्गता भएका (क) र (ख) साथै असाहाय जेष्ठ नागरिक, अति गरिब विपन्न व्यक्तिहरुलाई गोरखा अस्पतालसम्म निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइनेछ ।
४. नगर प्रमुख कल्याणकारी आर्थिक सहायता कार्यक्रम मार्फत विपन्न विरमीहरुलाई आर्थीक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. गर्भवती ताथा सुत्केरी, अपाङ्ग अति विपन्न परिवरका लागि उद्धार गर्न नगर उप-प्रमुख गर्भवती उद्धार कोष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
६. हाल नसर्ने रोगको प्रकोप बढ्दो रहेको अवस्थालाई मध्येनजर गरी ४० बर्ष माथीका सम्पूर्ण नगरबासीहरुलाई NCD Screening गरिनेछ ।
७. सम्पूण बालबालिकाहरुका लागि पूर्ण खोप सुनिश्चितता कार्यलाई निरन्तरता दिइनेछ ।
८. सम्पुर्ण नगरबासीहरुको Degital Health Record स्वास्थ्य अवस्थाको जानकारी लिने व्यवस्था मिलाउँदै लगिनेछ ।
९. नगरभित्र रहेका निजि तथा सरकारी स्वास्थ्य संस्थाहरुको नियमिति अनुगमन तथा नियमन गरिनेछ ।
१०. मानसिक स्वास्थ्यको बढ्दो प्रभावलाई कम गर्न जनचेतना अभिवृद्धि गर्न नियमित औषधी प्रयोगकर्ताहरुको स्वास्थ्य जाँचको व्यवस्था गर्दै मनोसामाजिक परामर्शलाई विस्तार गरिदै लगिनेछ ।
११. जेष्ठ नागरिकहरुलाई घरघरमा चेक जाँच तथा औषधी वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
१२. टिटि खोप क्याल्सियम फोलिक एसिड निशुल्क वितरण प्रकृयालई निरन्तरता गरिनेछ ।
१३. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न विपन्न नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आबद्ध गर्दै लगिनेछ ।
१४. महिलाहरुको पाठेघरको मुखको क्यान्सर निशुल्क जाँच गर्ने व्यवस्था मिलाइने छ ।
१५. आयूर्वेद सेवालाई वडा स्तर सम्म विस्तार गर्दै लगिनेछ ।
१६. मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने मान्यता अनुसार स्वस्थ नागरिक बनाउन उचित जीवनशैली निर्माणका लागि आयूर्वेद सेवा सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१७. जेष्ठ नागरिकहको लागि आयूर्वेद स्वस्थ्य प्रर्वधनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
१८. नसर्ने रोगको न्यूनिकरणको लागि योग शिविर सञ्चालन गरिनेछ ।
१९. कृषकहरुलाई जडिवुटी (आयूर्वेद) खेति र उपयोग तर्फ प्रोत्साहित गरिनेछ ।
२०. पार्कहरुमा फिजियो थेरापी पार्क स्थापना गरिनेछ ।
२१. नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थालाई प्रदान गर्दै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।
२२. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिइ पोषणमैत्री नगरपालिका घोषणा गरिनेछ ।

## ग) संस्कृति तथा पर्यटन नीति

१. गोरखाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक, भौगालिक तथा जातिय विविधताका जगमा संघ प्रदेश तथा विभिन्न संघ संस्था क्षेत्रको सहयोगमा पर्यटन प्रवर्द्धन गरिनेछ ।
२. गोरखाको ऐतिहासिक ठूलो आगन पोखरीथोक, धारापानी, छिपीटोल, पाटेचौर आदी क्षेत्रमा संघ प्रदेश तथा अन्य संस्थाको सहयोग लिएर सम्पदा वस्ती निर्माणको थालनी गरिनेछ ।

३. गोरखा नगरपालिकाको उपयुक्त ठाउँ अध्ययन गरी संघ प्रदेश लगायत विभिन्न क्षेत्रको सहयोगमा नगरपालिकाको जातिय विविधतामा आधारित मगर, गुरुङ, तामाङ, नेवार, दमै, कामी, सार्की, ब्राम्हण, क्षेत्री, कुमाल, दरै, वादी, गन्दर्भ, मिया(मुस्लीम) कुसुण्डा, भुजेल, ठकुरी लगायतका बहुजाती, बहुभासी, बहुसंस्कृतिको विविधता युक्त जीवन शैलीको संरक्षण तथा पर्यटन प्रवर्द्धनको लागि जीवित सांस्कृतिक संग्राहलय निर्माण गरिनेछ ।
४. गोरखनाथ गुफा, कालिका मन्दिर, गोरखा दरवार, हनुमान ढोका, ताप्लेकोट, भुतियाछाँगा, गौरिशंकर, गाइखुर जामा मस्जित, बाराहि मन्दिर, उपल्लोकोट, तल्लोकोट, रामशाह चौतारो, सतिपिपल, चिल्ड्रेन पार्क, पश्चिमकाली भिमसेन पार्क, ठूलो आँगन, तल्लोदरवार (संग्राहलय), रानीवन, सहिदपार्क, झाक्रीगुफा, विन्ध्यावासिनी मन्दिर, रानीपोखरी, पाञ्चायन क्षेत्र, राधावल्लवेश्वर मन्दिर, विरिमकाली, अकलामन्दिर, बुढीकोटी विशेनगर्जी पार्क, स्टोन पार्क, रामशाहघाट, वोकोर्लोक ताल शिखरवेशी ताल, विरेनडाडा, आमडाडा मन्दिर, तथा वगैचा पार्क, दक्षिणकाली मन्दिर, महादेवटारी, ठुटेवजार ताल, भगवतीथान, पश्लाङ चौतारी (द्रव्यशाह चौतारो), अन्नपूर्ण मन्दिर, खड्गदेवी मन्दिर, नामरुङ मन्दिर, ताप्लेकोट, शिखर गोरक्ष मन्दिर, सतिपिपलवौद्ध गुम्वा, छोटेलुदीताल, वेनीखोला मत्स्य पर्यटन केन्द, रानीवन, कुहिरेभिर, लगायतका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदा र क्षेत्रहरु बन्न लागेका, वनेका र बनाउनु पर्ने महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु हुन् । यी क्षेत्रहरुको क्रमश संरक्षण संवर्धन र विकास गरि गोरखा नगरपालिकालाई पर्यटकहरुको महत्वपूर्ण गन्तव्यको रुपमा विकास गर्दै लगिनेछ ।
५. शहीदलखन गाँउपालिकाको सहकार्यमा छोटेलुदी तालको संभाव्यता अध्ययन गरिनेछ ।
६. एक वडा एक पार्कको नीतिलाई निरन्तरता दिइनेछ ।
७. पुरातत्व बिभागसंगको समन्वय र सहकार्यमा गोरखा वजारको पँदेली स्थित रानीपोखरीमा म्यूजीक सहितको रंगिन फोहोरा निर्माण गरिनेछ ।
८. नगरपालिका भित्र हुने मेला महोत्सव, ऐतिहासिक, साँस्कृतिक चाडपर्व संस्कृति, जात्रा आदीलाई ब्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।
९. नगरपालिका भित्रको पुराना पाटी, पौवा, चौतारो, ढुङ्गेधारा, कुवा पधेरा, पोखरी आदीको संरक्षण गरिनेछ ।
१०. ठूलो आगनमा दैनिक रुपमा विहान वेलुका हुने विजयविगुल कार्यक्रमको संरक्षण र विकास गर्दै लगिनेछ ।
११. सडक छेउ र वजार क्षेत्रका घर आँगनमा हरियाली कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१२. होमस्टेको थप बिकास गरिनेछ । साथै वेनीखोला कुमाल वस्ती सातधुरे, गैरीकुवा, गोर्वुङ, क्यूरेनि, आमडाडा, वडा नं. १२ को कुमाल वस्ती लगायतका ठाउहरुमा होमस्टे बिकासको निम्ती कार्यक्रमहरु गरिनेछ ।
१३. भाषिक धार्मिक र जातिय विविधतालाई ध्यान दिदै उनीहरुको सास्कृतिक महत्व वोक्ने चुड्का(कौरा) सोरठी, घाटु, भजन, वालन, मारुनी नाच, लाखे नाच, धिमे वाजा, पञ्चैवाजा, कर्खा, सवा, सारङ्गी, महेन्दोमाया जस्ता गित नृत्यहरुको संरक्षण गरिनेछ ।
१४. जातिय मातृभाषा संरक्षणको लागि भाषिक कक्षाहरु सञ्चालन गरिनेछ ।
१५. पोखरा, लुम्वीनी, सौराहा, ठमेल जस्ता पर्यटन केन्द्रहरुसंग पर्यटन सञ्जाल गठन गरी पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु गरिनेछ ।
१६. छेवेटार(ठुटे वजार) वहुउद्देस्यि ताल निर्माण आयोजना सञ्चालन गरिनेछ ।
१७. वोकोर्लोक तालनिर्माण सम्भाव्यता अध्ययन गरी DPR तयार गरिनेछ ।

१८. गोरखानाथ पार्क निमार्ण कार्य अघि वढाइनेछ ।
१९. वुढीकोटी मन्दिर पर्यटन प्रवर्द्धनको लागि पूर्वाधारहरु तयार गरिनेछ ।
२०. वेनीखोलमा मत्स्य पर्यटन केन्द्रको DPR गरी कार्य थालनी गरिनेछ ।
२१. गोरखा कालिका र गोरखानाथ मन्दिरमा हुने विभिन्न धार्मिक कार्यक्रमहरुलाई व्यवस्थित गरिनेछ ।
२२. ऐतिहासिक व्यक्तिहरुको जीवनीवारे खोज अनुसन्धान तथा जानकारी सहितको पहिचानको लागि आवश्यक नीति लिइनेछ ।
२३. गोरखाको महत्वपूर्ण ऐतिहासिक  क्षेत्रहरु गोरखा दरवार, गोरखनाथ कालिका मन्दिर गोरखा सग्राहलय लगायत समग्र ऐतिहासिक धार्मिक सांस्कृतिक क्षेत्रहरुको संरक्षण संवर्द्धन र विकास प्रवर्द्धन गर्न स्थानीय तहका अधिकार क्षेत्रमा भएमा मात्र सम्भव हुने देखिएको हुँदा, उक्त क्षेत्रहरु गोरखा नगरपालिकाको अधिकार र क्षेत्रमा ल्याउने प्रयास र पहल गरिनेछ ।
२४. गोरखाको पर्यटन प्रवर्द्धनको लागि पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।
२५. गोरखा पहिचानको लागि भिम विसे अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
२६. गोरखा प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ ।

## घ) वैदेसिक रोजगार सम्वन्धी नीति

१. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित वनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. वैदेशिक रोजगारीमा गएका घर परिवारका सदस्यहरुलाई आयआर्जन तथा सहि क्षेत्रमा लगानी गर्न वित्तिय साक्षरता कक्षालाई निरन्तरता दिइनेछ ।
३. वैदेशिक रोजगारीवाट सिर्जित सामाजिक मनोवैज्ञानिक समस्याहरु न्यूनिकरणको लागि मनोसामाजिक परामर्श कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ङ) गैह्र सरकारी संघ संस्था सम्बन्धी नीति

१. गैह्र सरकारी संघ संस्थाहरुले आगामी वर्षको कार्यक्रम सहित नगरपालिकामा स्वीकृत लिनु पर्ने नीति कार्यान्वयन गरिनेछ ।
२. नगरपालिका क्षेत्रभित्र कुनै पनि गैह्र सरकारी संघ संस्थाहरुले कार्यक्रम गर्नु पूर्व अनिवार्य रुपमा नगरपालिकासंग अनुमतिलिई सम्झौता गरेर मात्रकार्यक्रम अगाडी वढाउनु पर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ । साथै एकद्वार प्रणाली अन्तरगत सेवा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
३. गैह्र सरकारी संस्थाद्धारा गठित उपभोक्ता समिति वा अन्य कार्यक्रम समितिहरु नगरपालिका द्धारा प्रमाणित गर्नु पर्ने नीति अवलम्वन गर्ने नीति लिइनेछ ।
४. अन्तरराष्ट्रिय गैरसरकारी सस्थाहरुलाई गोरखा नगरपालिकामा कार्यक्रम सञ्चालन गर्ने वातावरण सृजना गरिनेछ ।

## च) यूवा तथा खेलकुद नीति

१. गोरखा नगरपालिका भित्र विभिन्न वडामा निर्माण भएको खेल मैदानहरुको स्तरोन्नती गर्नुका साथै एक वडा एक खेल मैदानको नीतिलाई निरन्तरता दिइनेछ ।
२. राष्ट्रिय स्तरको अण्डर १३ फुटबल लिग सञ्चालन गरिनेछ ।
३. खेलकुदलाई वडा तथा पालिका स्तरमा स्थापित गर्न वडा कप र मेयर कप आयोजना गरिनेछ ।
४. युवाहरुलाई खेलमा समाहित गराउन खेल प्रशिक्षकको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

## छ) घरेलु तथा साना उद्योग नीति

१. घरलु उद्योगहरुको विकास गरि आत्मनिर्भरता वढाउने कृषि र पर्यटनमा आधारीत घरेलु उद्योगहरुको विकासमा टेवा पुऱ्याउन तालिम तथा सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्ने र लगानीको वातावरण मिलाई दिने नीति लिइनेछ ।
२. परम्परागत जातिय सीपहरुको संरक्षण गर्न फलाम तथा तामा पित्तलका भाडा वनाउने सीप कपडा सिलाउने सीप लगायत अन्य परम्परागत सीपहरुको संरक्षण गरि पुस्ताहस्तान्तरण गर्दै लैजानको लागि प्रोत्साहन गरिनुका साथै उक्त सीपहरुको आधुनिकिकरणमा जोड दिइनेछ ।
३. गोरखा नगरपालिका भित्रको निर्माण मज्दुरहरुलाई प्रोत्साहन गर्न आयातित मज्दुर विस्थापित गर्न र स्थानीय रोजगार वृद्धी गर्न निर्माण मज्दुरहरुलाई आवश्यक टुलवक्स वितरण तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
४. नगरपालिकाले सिटिभिटि तथा अन्य निकायहरुको सहकार्यमा वेरोजगार युवाहरुको लागि विभिन्न प्रकारको सीपमूलक तालिम जस्तै : ड्राइभिङ, हाउस वाइरिङ, प्लम्वर, सिलाई वुनाइ, पेन्टीङ ,कुक, सिकर्मी, डकर्मी, टुरिष्ट गाइड, कपाल काट्ने तालिम, वास निगालो खोष्टा, थाक्कल आदीको सामाग्री निर्माण लगायत परम्परागत सीपहरु भाडा वनाउने कृषि सामाग्री निर्माण गर्ने आदीका तालिम दिने नीति लिइनेछ ।
५. नगरपालिका भित्रका कृषिजन्य लागायतका वस्तुहरुका उत्पादनलाई प्रशोधन, प्याकिङ गर्न एक औधागिकग्राम स्थापनाको नीति लिइनेछ ।
६. उद्यम विकासको लागि बित्तिय पहुँचमा सहजताका लागि आवश्यक पहल गरिनेछ ।
७. नगर भित्रको अति गरिव, एकल महिला, दलित, जनजाति, वैदशिक रोजगारवाट फर्किएका व्यक्तिहरु, द्धन्द पिडित, कोभिडका कारण रोजगारी गुमाएका व्यक्तिहरुलाई विभिन्न प्रकारको उत्पादनमूलक सीपमूलक तालिमहरुमा सहभागी गराई आत्मनिर्भर वन्न प्रोत्साहित गरिनेछ ।
८. नगर भित्रका कृषिजन्य तथा पशुजन्य उत्पादन वृद्धीमा टेवा पुऱ्याउन आयात प्रतिश्थापन तथा निर्यात प्रवर्द्धनको लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गरिनेछ ।
९. स्थानीय स्तरमा पाइने फलफूल, कृषिजन्य तथा वन पैदावारमा आधारित काष्ठ तथा गैह्रकाष्ठ उद्योगहरु स्थापना र सञ्चालनमा जोठ दिइनुका साथै तालिमहरु सञ्चालन गरिनेछ ।
१०. मनिराम गाइने स्मृति कार्यक्रम अन्तरगत सारंगी निर्माण तथा बजाउने तालिम सञ्चालन गरिनेछ ।
११. लघु उद्यमविकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ज) व्यक्तिगत घटनादर्ता, सामाजिक सुरक्षा तथा सामाजिक परिचालन सम्वन्धी नीति

१. नगरपालिकाद्धारा स्वीकृत सामाजिक सुरक्षा सम्वन्धी नीतिले निर्दिष्ट गरेका विषयलाई कार्यान्वयन गर्दै लगिनेछ

२. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजनालाई निरन्तरता दिइनेछ ।
३. सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४. दीगो विकास लक्ष्यको स्थानीयकरण योजनालाई कार्यान्वयन गर्दै लगिनेछ ।

## झ) महिला विकास नीति

१. सामाजिक विभेदको न्यूनिकरणको लागि छुवाछुत, सामाजिक कुरिति, अन्धविश्वास लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनिकरणका लागि कार्ययोजना निर्माण गरि सो सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
२. महिलाहरुलाई विकासको मुलप्रवाहमा ल्याउनको लागि सकरात्मक विभेदको निति अपनाइ रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न आयमूलक, सीपमूलक, प्रशिक्षण तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. सीर्जनसिलमहिला र महिला समूहहरुलाई उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।
४. महिला सशक्तिकरण कार्यक्रम, महिला हिंसा विरुद्धको जनचेतनामूलक जागरण कार्यक्रम, कुरिति, कुप्रथा विरुद्धको कार्यक्रम, मानव वेचविखन तथा यौन हिंसा विरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. अन्तराष्ट्रिय महिला दिवसलाई भव्यताका साथ मनाइनेछ ।
६. महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीयतहको महिला उद्यमी सञ्जाल स्थापनाको लागि सहजीकरण गरिनेछ ।
७. महिलाहरुको उद्यमसिलता तथा नेतृत्व विकासमा उप–प्रमुख सवल नेतृत्व विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
८. अतिविपन्न, असाहाय, अपाङ्गता भएका लगाएत उपेक्षित उत्पिडित महिलाहरुलाई विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
९. नगरपालिकामा जिल्ला समन्वय समिति र सामाजिक विकास कार्यालयको सहकार्यमा सुविधा सम्पन्न सेफ हाउसको निर्माण गरिनेछ
१०. महिला, बालबालिका, पछाडी परेका समुदाय तथा सिमान्तकृत समुदायको लागि“जो हो उसैको भन्ने” विशेष कार्यक्रम ल्याइनेछ ।

## ञ) बालबालिका सम्बन्धी नीति

१. बाल अधिकार तथा बाल सुरक्षाको लागि नगर स्तरिय बाल अधिकार समिति गठन गरि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
२. सहयोगापेक्षी सडक मानवमुक्त गोरखा नगरपालिका भै सकेको परिप्रेक्षमा निरन्तरताको लागि मानव सेवा आश्रमसंगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

३. गोरखा नगरपालिकालाई बालमैत्री नगरपालिका वनाउनको लागि बालमैत्री लक्षित कार्यक्रहरु तय गरिनेछ ।
४. बालबालिका देखि बालबालिका सम्म भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
५. शिशु स्याहार केन्द्र (Child Care Centre) निर्माण गरी बालबालिकाको खुसी र मनोरञ्जनमा ध्यान पुऱ्याइनेछ ।
६. प्रत्येक विद्यालयहरुमा कक्षा ६ सम्म दिवा खाजा तथा बाल पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
७. सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना कार्यक्रम प्रभावकारी वनाउने बालमैत्री झोला कार्यक्रमहरु सञ्चालन गर्ने नीति तय गरिनेछ ।
८. नगरस्तरिय बाल सञ्जाललाई सुदृढीकरण गरिनेछ ।
९. नगरपालिकामा रहेको गुरुकुल, मदर्सा, चर्ज, गुम्वामा रहेका बालबालिकाहरुको विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. बाल श्रम मुक्त नगरपालिका घोषणाको लागि कार्यक्रमहरु आयोजना गरिनेछ ।

## ट) दलित, जनजाती, सिमान्तकृत, अपाङ्ग सम्बन्धी नीति

१. दलित समुदायको हक, हित, संरक्षण रउत्थानको लागि दलित समुदायको विस्तृत अध्ययन गर्न दलित प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
२. पुरानाकला र शिल्पको संरक्षणको लागि "कला र कौशल" भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
३. विभिन्न क्षेत्र र समुदायमा रहेका जनजातीको लागि एकिकृत जनजाती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
४. अपाङ्गहरुको आयआर्जन सीप विकास तथा खेलकुद विकासको विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
५. ग र घ वर्गको परिचयपत्र प्राप्त गरेका अपाङ्गगता भएका व्यक्तिहरु तथा तिनका परिवारका लागि आयआर्जन एवं उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. गोरखा नगरपालिकामा रहेको सिमान्तकृत समुदाय कुसुन्डाको लागि "घरैमा नगरपालिका" भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## ठ) ज्येष्ठ नागरिक सम्वन्धी नीति

१. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई निरन्तरता दिइनेछ ।
२. अन्तरपूस्ता सीप हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३. ज्येष्ठ नागरिकहरुलाई तिर्थाटन गराइनेछ ।

## ड) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा आन्तिरिक रोजगार प्रवर्द्धन नीति

१. वैदेसिक रोजगारीवाट फर्किएका सीप आर्जन गरेर आएका यूवाहरुलाई सीपमा आधारित व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।
२. नीजिक्षेत्र, सहकारी तथा गैह्र सरकारी संस्थाहरुसंगको सहकार्यमा वेरोजगार यूवाहरुलाई रोजगारमा आवद्ध गर्ने नीति लिइनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वेरोजगार यूवाहरुलाई नगरपालिकावाट सञ्चालन हुने योजनाहरुका काममा लगाई अल्पकालिन रोजगारी प्रदान गर्दै लगिनेछ ।

## ढ) खानेपानी तथा सरसफाइ नीति

१. गोरखा नगरपालिकालाई स्वच्छ हराभरा पूर्ण सरसफाई युक्त नगरपालिका वनाई पूर्ण सरसफाई युक्त नगरपालिका वनाइनेछ ।
२. नगरको सवै वस्तीहरुमा एक घर एक धाराको नीति कार्यान्वयन गरी दरौदी लिफ्टिङ खाने पानी आयोजनालाई पूर्ण सञ्चालनमा ल्याई गोरखा सदरमुकाम क्षेत्र वडा नं. २, ३, ४, ५, ६, ७, ८ र ९ का वस्तीहरुमा प्रयाप्त र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।
३. खानेपानीतथा सरसफाइ ऐन मार्फत खानेपानी वोर्ड गठन गरेर नगरपालिका भित्रका सवै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई एकिकृत सेवा प्रणालीमा आवद्ध गराई सवै नगरवासीलाई खानेपानीको व्यवस्था गरिनेछ ।
४. विरिमकाली लिफ्टिङ खानेपानी आयोजनालाई छिटो सम्पन्न गरि वडा नं १०, ११ र १२ का वस्तीहरुमा पर्याप्त र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।
५. नगरपालिका भित्र सञ्चालनमा रहेका सवै खानेपानी आयोजनाहरुको नियमित मर्मत सम्हारमा विशेष जोड दिइने छ । सञ्चालनमा रहेका अधुरो खानेपानी आयोजनाहरु पुरा गरिनेछ ।
६. नगरपालिका भित्र रहेका सवै खानेपानीको मूल संरक्षण, पुराना र ऐतिहासिक ढुङ्गेधारा, पधेराहरुको संरक्षण गरिनेछ ।
७. संघीय खानेपानी आयोजनाको सहयोगमा उच्च भागमा रहेका पानीका श्रोतहरुवाट कृतिम पोखरीहरु निर्माण गरि सुन्दरता र रमर्णियता सहित पानीको श्रोत वढाउने नीति लिइने छ ।
८. नगरपालिका भित्रको फोहोर मैला व्यवस्थापनलाई कुहिने नकुहिने फोहोरलाई 3R विधिमा व्यवस्थापन गरिनेछ ।
९. वडा नं ८ मा रहेको डम्पीङ साइटलाई सरसफाई केन्द्रको रुपमा विकास गरिनेछ ।
१०. यस भन्दा अघि साना ठूला खानेपानी आयोजनाहरुलाई नगरपालिकावाट दिने गरिएका सेवा सुविधाहरुलाई निरन्तरता दिइनेछ ।
११. नीजि क्षेत्रसंगको साझेदारीमा गरिएको फोहोर मैला व्यवस्थापनलाई थप सुधार र व्यवस्थापन गरिनेछ ।
१२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र स्वास्थ्य कार्यालयको समन्वयमा गोरखा नगरपालिकामा खानेपानीको सुद्धता जाँच गरिने ल्याव स्थापना गरिनेछ ।
१३. उपयुक्त ठाँउको खोजी गरि व्यवस्थित फोहोर व्यवस्थापन डम्पिङ साइट निर्माण गर्ने नीति लिइनेछ ।

## ३. वन, वातावरण, विपद व्यवस्थापन तथा भू– संरक्षण नीति

### क) वन, वातावरण, विपद व्यवस्थापन सम्बन्धी नीति

१. सामुदायिक वन समुहहरु र वन कार्यालयको सहयोगमा वन संरक्षण संवर्धन र सदुपयोगको नीतिलाई निरन्तर अघि वढाइनेछ ।
२. सामुदायिक वनमा गोरखा आयुर्वेद कम्पनी तथा सम्वन्धीत संघ संस्था र वन कार्यालयहरुको सहयोगमा गैह्र काष्ठ वन पैदावार (NTFP) कार्यक्रम लागू गरिनेछ ।
३. वन पर्यटनका लागि हरियाली पार्कहरु निर्माण, सिमसार क्षेत्रको संरक्षण, पानीको स्रोत संरक्षण, नदी तटहरुको उचित व्यवस्थापन आदीमा जोड दिइनेछ ।
४. नगरस्तरीय विपदपूर्व तयारी तथा प्रतिकार्य योजना मार्फत संवन्धीत क्षेत्रको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
५. प्रकोपको कारण ज्यान गुमाएको परिवारलाई  रु. २५,०००। घर क्षति भएको परिवारलाई क्षती हेरी रु.५,०००। देखि रु.१५,०००। सम्म तत्काल राहत उपलव्ध गराइनेछ । जोखिम तथा विपदमा परेका व्यक्तिलाई तत्काल राहत तथा उद्धारको व्यवस्था मिलाइनेछ ।
६. सरकारी सामुदायिक तथा नीजि वनहरुवाट उत्पादन हुने वन पैदावारको विक्री वितरण तथा वनश्रोतमा आधारीत व्यवसायलाई सहज वनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।
७. सामुदायिक वन समुहको सहयोगमा वन डढेलो संवन्धी जनचेतना अभिवृद्धी गर्ने कायक्रमहरु तथा डढेलो नियन्त्रणमा अग्नी रेखा निर्माण गरिनेछ । साथै विभिन्न सरकारी सुरक्षा संयन्त्रको सहयोग निरन्तर लिइनेछ ।
८. वन्यजन्तु संरक्षण, जैविक विविधताको संरषण सम्वन्धी कार्यक्रमहरु जिल्ला वन कार्यालय लगायत विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थाको सहयोगमा सञ्चालन गरिनेछ ।
९. गोरखा नगरपालिकामा एक हल्का सवारी, सव वाहनको व्यवस्थागरी अतिविपन्न, असाहय र वेवारीसे सवलाइ व्यवस्थापन गरीनेछ ।
१०. नगर भित्रको मूख्य मूख्य सडकको दाया वाया वृक्षारोपण गरि हरियाली प्रवर्द्धनमा जोड गरिनेछ ।
११. खादाको प्रयोगमा वन्देज लागाइनेछ । साथै स्थानीय फुलको प्रयोगलाई मान्यता र बढवा दिइनेछ ।
१२. प्लाष्टिक झोलाको प्रयोगलाई बन्देज लगाइनेछ, कपडाको झोला प्रयोग गर्ने वानीको विकास गराईनेछ ।
१३. फलफूल र तरकारी पसलहरुलाई सम्भव भएसम्म केन्द्रिकरण गरिनेछ ।
१४. गोरखा नगरपालिकामा कपडा एवं अन्य सामाग्रीहरु बहिरबाट आएर पोके व्यापारिको रुपमा व्यापार गर्न रोक लगाइनेछ ।
१५. गोरखा नगरपालिका वडा नं. १३ स्थित रामशाह घाटमा नगरवासी परिवारको मृतकको सव तथा असाहाय वेवारिसे सव दाहनको लागि आवश्यक पर्ने दाउरा निशुल्क उपलव्ध गराइनेछ । त्यसको निम्ती सामुदायिक वन समुह, वन कार्यालयको समेत सहयोग लिइनेछ ।

### ख) भूमी सम्बन्धी नीति

१. भूमीहिन तथा सुकुम्बासीहरुलाई जग्गा प्रदान गर्ने नीति लिइनेछ ।
२. अव्यवस्थित बसोबासीहरुलाई सुरक्षित वासस्थानको व्यवस्था गरिनेछ ।
३. जग्गा वर्गिकरण गरि जग्गा कित्ताकाटलाई समय सापेक्षित, वैज्ञानिक प्रणालि अनुसार व्यवस्थित गरिदै लगिनेछ ।

## ४. सडक यातायात तथा भैतिक पूर्वधार नीति

### क) सडक सम्बन्धी नीति

१. एक वडा एक स्तरीय सडकको नीति अनुरुप अगाडी बढ्ने नीतिलाई निरन्तरता दिइनेछ । प्रत्येक वडाको वस्तीहरुलाई सडक सञ्जालसंग जोडी क्रमस स्तरोन्नती गर्दै लगिनेछ ।
२. खोलखोले देखि बसपार्क सम्मको बजार क्षेत्रमा दुवैतर्फ स्तरीय फूटपाथ निर्माण गरिनेछ ।
३. खोलखोले क्षेत्रको सार्वजनिक जग्गा प्रयोग गरि एउटा टुरिष्ट वसपार्कको अवधारणा अनुरुप बसपार्क निर्माण कार्य थालनी गरिनेछ ।
४. वडा नं. ६ र ८ को सिमाना धनुवासे (पैरेनी खोला) मा घ्याम्पेसाल आरुघाट वस पार्किङ स्थल निर्माण गरिनेछ ।
५. निर्माण कार्यको गुणस्तरमा सुनिश्चितता गर्न गुणस्तर चेकजाँच गर्न प्रयोशाला (Quality Testing Lab) स्थापना गर्ने नीतिलाई पुरा गरिनेछ ।
६. वडा नं. ११ मा सुरु गरिएको नमुना पूर्वाधार विकासमा रोजगारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
७. गोरखा वजारको सुन्दरता वढाउन ट्राफिक समस्या हल गर्न डण्डी डाँडामा निर्माण सम्पन्न भैसकेको बसपार्क सञ्चालनमा ल्याइनेछ ।
८. ठिगुरेश्वारा मा वृहत वसपार्क सम्भावयता अध्ययन र निर्माण प्रयास गरिनेछ ।
९. गोरखा वजार सम्पदा क्षेत्रको संरक्षणको निम्ती रानीपोखरी छहरे बाटो खोलिनेछ ।
१०. नगरपालिका स्तरीय सडक यातायात गुरुयोजना तयार गरि वार्षिक कार्ययोजनासंग आवद्ध गरिनेछ ।
११. नगर भित्रको सडक योजनाहरुलाई नगरपालिका स्तरीय वडा स्तरीय र टोल वस्ती स्तरीय वर्गिकरण गरि सोही अनुसार कालोपत्र गर्ने, ग्रावेल गर्ने तथा स्तरोन्नति गर्ने नीति लिइनेछ । वडा नं. १४ को पाँउदीभिर र याङ्कोट खेल मैदान तथा अन्यत्रको ढुङ्गा, ग्रावेल सो क्षेत्रमा IEE गरी विभिन्न वडामा प्रयोग गरिनेछ ।
१२. वजार क्षेत्र मूख्य र धार्मिक पुरातात्वीक तथा सांस्कृतिक, ऐतिहासिक महत्वका क्षेत्रहरुमा सडक वत्ति यवस्था गर्ने नीति लिइनेछ ।
१३. महत्वपूर्ण सडकहरुलाई गौरवको आयोजनाका रुपमा वहुवर्षिय आयोजना निर्माण गरि कार्यान्वयन गरिने नीति लिइनेछ ।
१४. सडक मर्मत संभारलाई विशेष कार्यक्रम वनाई वाह्रै महिना सवारी आवागमनलाई सहज बनाउने नीति लिइनेछ ।
१५. वडाहरुको महत्वर्पूण वडा स्तरिय सडकहरु निरन्तर सञ्चालनको लागि ग्रावेल नगरपालिकाले गर्ने नीति लिइनेछ ।
१६. हरेक गाउँ टोलमा पक्की, गोरेटो तथा घोरेटो बाटो निर्माण गरिनेछ ।

१७. नगर यातायातलाई व्यवस्थित गर्नका लागि रिंगरोड निर्माण कार्य सम्पन्न गरिनेछ ।
१८. नगरपालिकामा सञ्चालन हुने ठूला योजनाहरुको DPR गरिनेछ ।

## ख) विद्युतिकरण सम्बन्धी नीति

१. विद्युत प्रसारण लाइनलाई व्यवस्थित गरि विद्युत सप्लाईमा समस्या घटाउन विद्युत प्राधिकरणको सहयोग लिइनेछ ।
२. विद्युतको पावर कमभई उद्योग व्यवसाय सञ्चालन लगायत अन्य समस्या समाधान गर्न लामो दुरीसम्म ट्रान्समिटर नभएको ठाउमा ट्रान्समिटर जडान गर्ने नीति लिइनेछ ।
३. जनसमुदायलाई विद्युतको प्रयोग वढाउन, ग्यासको खपत घटाउन प्रोत्साहन गरिनेछ ।

## ग) सरकारी तथा सामुदायिक भवन निर्माण नीति

१. एक टोलमा एउटा मात्र भवन निर्माण गर्ने नीति लिइनेछ ।
२. घरनक्शा पास अनिवार्य गरिनेछ । नक्शापास नगराई वन्ने घरलाई नगरपालिकावाट दिने सेवा सुविधा कटौती गरिनेछ ।
३. नगरपालिका भित्रका सम्पूर्ण घरहरु अभिलेखिकरण गरि व्यवस्थापन गर्ने नीति लिइनेछ ।
४. जनताको घर नक्सा निर्माण निशुल्क कार्यक्रमलाई निरन्तरता दिइने छ ।
५. सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरि संरक्षण गर्ने नीति लिइने छ ।
६. गोरखा नगरपालिकामा निर्माण भएको नयावजार स्थित तरकारी बजार भवन, नया वसपार्कमा वन्दै गरेको सिटीहल, वि.पि. चोक स्थित वहुउद्देसीय भवन लगायतका सार्वजनिक तथा सामुदायिक भवनहरुको परिचालन र व्यवस्थापन गरिनेछ ।
७. शहिद सम्मानका निम्ती शहिद भवन तथा पार्क निर्माण गरिनेछ ।
८. बाँकी वडा प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गर्ने नीति लिइनेछ ।

## घ) उपभोक्ता समिति सम्बन्धी नीति

१. स्थानीय उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने तथा रोजगारी प्राप्तभई आयआर्जन वृद्धी गर्ने प्रकारका योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने नति लिइनेछ ।
२. आयोजना सञ्चालन गर्नु अघि उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था गरिनेछ ।
३. एक उपभोक्ता समितिमा रहेको व्यक्ति अर्को उपभोक्ता समितिमा रहन नपाउने नीति लिइनेछ । साथै जन प्रतिनीधि सरकारी जागिरेहरु, नेपाल सरकारको अनुदान उपभोग गर्ने व्यक्तिहरु उपभोक्ता समितिमा रहन नमिल्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।
४. उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुको कन्टिजेन्सी रकम नकाट्ने नीति लिइनेछ ।

# ५. सुशासन तथा संस्थागत क्षमता विकास नीति

## क) सूचना प्रविधी नीति

१. नगरपालिकालाई सूचना प्रविधीमैत्री वनाइनेछ ।
२. व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीलाई निरन्तरता दिइनेछ ।
३. व्यापारिक तथाअन्य महत्वपूर्ण क्षेत्रमा सि.सि. क्यामरा थप जडान गरिनेछ ।

४. महत्वपूर्ण सार्वजनिक क्षेत्रमा फ्रिवाइफाइ जोन निर्माण गरिनेछ ।
५. नगरपालिका भित्र निर्माण हुने घरहरुको अभिलेखिकरण विद्युतिय प्रणाली मार्फत शुरु गरिनेछ ।
६. नगरपालिकाको वजार क्षेत्रमा पर्यटकिय सूचना केन्द्र स्थापना गरिनेछ ।
७. नगरपालिकाको वेबसाइड, फेसवुक पेजलाई थप व्यवस्थित गरिनेछ ।
८. गोरखा नगरपालिकाको नगर एप्स वनाइ प्रयोगमा ल्याइनेछ
९. गोरखा नगरपालिकाको पार्श्व चित्र निर्माण गरिनेछ ।

## ख) क्षमता विकास नीति

१. पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्न त्रिवर्षिय क्षमता विकास योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।
२. नगरपालिकामा स्थापना भएको सहायता कक्षको संस्थागत विकास गरिनेछ ।
३. नगरपालिकाको प्रशासनिक व्यवस्था सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भर पर्दो चुस्त दुरुस्त विश्वासनिय प्रभावकारी वनाइनेछ ।
४. योजनावद्ध विकासलाई संस्थागत गर्न आवधिक विकास योजना मध्यकालिन खर्च संरचना र समावेशी विकासको लागि स्थानीय तहको योजना तर्जुमा सम्बन्धि पदाधिकारी शाखा उपशाखा र वडाको लागि तालिमको व्यवस्था गरि वार्षिक योजना तर्जुमा कार्यलाई व्यवस्थित गरिनेछ ।
५. देश तथा देश बाहिरका नगरपालिकासंग भएको भगिनी सम्बन्धलाई निरन्तरता दिइनेछ साथै नयाँ नगरपालिकाहरु संग भगिनि सम्बन्ध कायम गर्ने निति लिइनेछ ।

## ग) पत्रकारीता तथा सञ्चार नीति

१. पत्रकारहरुको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
२. नगरपालिकावाट जारी गरिने सूचना प्रकाशनमा स्थानीय पत्रिकालाई प्राथमिकता दिइनेछ ।
३. सुचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए बमोजिमको विभिन्न निर्णय तथा कानुनहरु सुचना मार्फत सार्वजनिक गरिनेछ ।
४. रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गरिनेछ ।
५. सुचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए बमोजिम नगरवासिलाई सुचनाको हक सम्बन्धी जानकारी दिन पदाधिाकारी तथा कर्मचारीलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
६. स्थानिय रेडियो र स्थानिय पत्र पत्रिकालाई प्रोत्साहनको नीति अबलम्बन गरिनेछ ।
७. सुचनाको हक सम्बन्धी सरोकारवालासंग बहस पौरवी चलाइनेछ ।
८. रेडियोहरुलाई विद्युत महसुलमा दिदै आएको पचहत्तर प्रतिशत अनुदानलाई निरन्तरता दिइनेछ ।
९. पत्रकारीता पेशा प्रति आकर्षण वृद्धि गर्न आधारभुत नेतृत्व विकास तथा पत्रकारीता तालिममा जोड दिइनेछ ।
१०. नगरबासीलाइ राज्यले प्रदान गर्ने सेवा सुविधाको विषयमा जागरुक गराउन सुचनाको हक सम्बन्धी पैरविमा जोड दिइनेछ ।

## घ) मानव अधिकार, न्यायीक सम्पादन तथा निरुपण नीति

१. गोरखा नगरपालिकाद्धारा निर्माण गरिएको मानव अधिकार कार्य योजना अनुसार मानव अधिकार संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
२. न्याय सम्पादन प्रणालीलाइ थप प्रभावकारी वनाईनेछ ।
३. असहाय, ज्येष्ठ नागरिक, अनाथ बालबालिका, अति विपन्न नागरिकहरुलाई न्यायीक प्रकृयामा निशुल्क न्यायीक सेवा प्रदान गरिनेछ ।
४. मेल मिलाप पद्धतीलाई न्याय सम्पादनमा जोड दिइनेछ ।
५. विपन्न असहाय दलित, ज्येष्ठ नागरिक, अनाथ, महिला, बालबालिका तथा हिंसा पीडितहरुको लागि संरक्षण तथा पोषणको लागि आर्थिक सहायता प्रदान गरिनेछ ।
६. न्यायीक समितिमा परेका उजुरहरुलाई अनुगमन गरि न्याय सम्पादन सहज र सरल तरिकाले कार्यान्वयन गरिनेछ ।
७. मेलमिलाप कर्ता तथा मेलमिलाप केन्द्रहरुको क्षमता विकास गर्दै लगिनेछ ।
८. न्यायीक समितिका पदाधिकारी तथा कर्मचारी तथा मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धीका कार्यक्रमह(रु ल्याइनेछ ।
९. न्यायीक समितिमा पेश भएका विवादहरु मेलमिलाप तथा फैसला गर्दै लगिनेछ ।

## ङ) सुशासन सम्बन्धी नीति

१. बजार अनुगमनलाई व्यवस्थित गरिनेछ ।
२. नगरपालिका तथा वडाबाट दिइने सेवालाई प्रभावकारी बनाउन अडियो नोटिस बोर्ड, नागरिक वडापत्र, वेभसाइट, फेसबुक पेज, हाते पुस्तकलाई व्यवस्थित गरिनेछ ।
३. नगरपालिकाको अन्तर शाखा समन्वयको लागि सफ्टवेर जडान गरि कार्यान्वयनमा ल्याइनेछ ।
४. नगरपालिका तथा वडामा इ-सिफारिसलाई कार्यान्वयनमा ल्याइनेछ ।
५. सेवा प्रवाहलाइ गुणस्तरिय बनाउन नगर प्रमुखसंग प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतसंग शाखा प्रमुखहरुको कार्य सम्पादन करार गरिनेछ ।
६. नगरपालिका र वडाबाट प्रवाह गरिने सेवालाई सरलिकृत गर्न एकिकृत घुम्ति सेवा ( सिविर) सञ्चालन गरिनेछ ।
७. कानुन र कार्यविधि बाहिरका भत्ताहरू पूर्ण रुपमा कटौती गरिने छ ।
८. नगरपालिकाको बेरुजु न्यूनिकरणको लागि लेखा समितिलाई सकृय बनाइनेछ ।
९. चौमासिक रुपमा सार्वजनिक सुनुवाइ वार्षिक रुपमा सामाजिक परिक्षण, लैंगिक उत्तरदायी बजेट परिक्षण एवं निर्दिष्ट कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१०. मध्यकालिन खर्च संरचनाको परिपालना गर्ने नीति लिइएको छ ।